

# अध्याय -१

# परमेश्वरले हामीलाई सुम्पिनुभएको उहाँको मिसन वा लक्ष्य: भाग १

यस अध्यायका मूल पदहरू: उत्पत्ति ३:९-१५; उत्पत्ति २८:१५; प्रस्थान २९:४३,४५; मत्ती १:१८-२३; यूहन्ना १:१४-१८; यूहन्ना ३:१६; यूहन्ना १४:१-३।

<u>यस अध्यायको मूल सार पद:</u> *"अनि परमप्रभु परमेश्वरले आदमलाई बोलाउनुभयो र भन्नुभयो, "तिमी कहाँछौ?" उत्पत्ति ३:९।*

यस संसारमा परमेश्वरको मिशन वा लक्ष्य उहाँबाट नै सुरु भएको र उहाँकै उद्देश्यमा आधारित छ। यो लक्ष्य अब्राहमलाई बोलाउँदा सुरु भएको थिएन (उत्पत्ति १२:१-४) न त प्रस्थानको समयमा (प्रस्थान १२:३१-४२)। सुसमाचार सुनाउने लक्ष्य यस संसारमा रहँदा येशूबाट सुरु भएको थिएन (मत्ति १:१८-२५) वा पावलको सुसमाचारीय यात्राबाट (प्रेरित १३:४-१४-२६)। मानव जगतमा सुसमाचारको सन्देशले घचघच्याउने काम परमेश्वरबाटै सुरु भएको थियो। जब उहाँले जगतलाई अस्तित्वमा ल्याउनुभयो र पछि मानव प्राणी सृष्टि गर्नुभयो (उत्पत्ति १:२६,२७) त्यसबेलादेखि नै थियो।

अनगिन्तियौं स्वर्गदूतहरूका सेवामा रहनुभएका र पतित नभएका अनगिन्तियौं नक्षत्र वा जगतका जीवहरूका उपस्थितिको बाबजुद पनि परमेश्वरले जानाजानी मानव प्राणी सृष्टि गर्नुभएर तिनीहरूका साथमा रहने

उहाँको चाहना थियो। ती मानव प्राणीमा पुग्ने चाहना र प्रयास परमेश्वर आफैले पहिलो कदम चाल्नुभएको थियो। सुरुदेखि नै उहाँले आदम र हव्वासँग व्यक्तिगत सम्बन्ध राख्नुभएको थियो। पापको प्रवेश पछि पनि मानव प्राणीसँग सम्बन्ध उहाँले पुनः कायम गर्नुभएको थियो। पापले गर्दा उहाँसँगको प्रत्यक्ष सम्बन्ध बिच्छेद भएतापनि जसो तसो गरेर त्यो सम्बन्धलाई निरन्तरता दिने उहाँको लक्ष्य हो। अन्तमा आएर उहाँसँग प्रत्यक्ष सम्बन्ध राख्ने उहाँको लक्ष्य पूरा हुनेछ (प्रकाश २१-२२)। त्यसैकारणले गर्दा यस संसारमा अनन्तको सुसमाचार सुनाउने काममा (प्रकाश १४:६,७) अभिप्रेरित भएर सक्रिय हुनु जरुरी छ।

सुसमाचार प्रचार गर्ने प्रयासमा लाग्ने कुनै पनि निकायको जग सृष्टिकर्तासँगको सम्बन्धमा केन्द्रित हुनु पर्दछ। परमेश्वरको लक्ष्य के हो र त्यसको स्वरूप र स्वभावको बारेमा हामीमा ययोचित ज्ञान हुनु जरुरी छ। तर परमेश्वरको  लक्ष्यको बारेमा जान्नुभन्दा पहिलै त्यस लक्ष्यको परमेश्वरको बारेमा अझ राम्ररी बुझ्नु धेरै जरुरी छ।

## १. हामी परमेश्वरकहाँ जानु कहाँ हो, उहाँ पो हामीकहाँ आउनु हुन्छ

परमेश्वरले हामीलाई उहाँकै स्वरूप र प्रतिरूपमा सृष्टि गर्नुभएको थियो। उहाँले हामीलाई सुन्दर र सिद्ध पृथ्वी दिनुभएको थियो। उहाँसँग सिधा र सिद्ध सम्पर्क गरेर हामी बाँचिरहौं भन्ने उहाँको लक्ष्य थियो। उहाँसँग सम्बन्ध उहाँको अत्यन्तै बहुमूल्य गुण वा स्वभावमा केन्द्रित थियो: प्रेम। तर प्रेमको  वास्तविकतालाई कार्यान्वयन गर्न उहाँले मानव प्राणीको निम्ति अर्को अमूल्य बरदान वा उपहार दिनुभएको थियो: त्यो हो आत्मनिर्णय वा स्वविवेकको स्वतन्त्रता- कुन बाटोमा हिंड्ने हो त्यस बाटो रोज्न स्वतन्त्रता। अवज्ञा गऱ्यो  भने त्यसको नतिजा खतरा र मृत्यु हुनेछ भनेर पनि परमेश्वरले आदम र हव्वालाई स्पष्ट वा सटिक निर्देशन दिनुभएको थियो (उत्पत्ति २:१६,१७)। तर हव्वाले निषेधित रूखको फल  खाए केही हानी हुँदैन भनेर विज्ञापन गरेर छकाउन सैतान सफल भयो। अझ असल र खराबको ज्ञान पाउँदा तिनीहरू देवीदेवताहरू हुनेछन् भनेर सैतानले जिकिर गऱ्यो। दुर्भाग्यवस, हव्वाले परमेश्वरसँग प्रार्थना पनि नगरिकन त्यो निषेधित रूखको फल खाइन् र आदमलाई पनि दिइन्। आदमले पनि परमेश्वरको आज्ञालाई अवज्ञा गर्न

आफ्नो स्वविवेकको स्वतन्त्रतालाई प्रयोग गरे। सिद्ध र सुन्दर सृष्टि पापले गर्दा दागै दाग भयो।

भर्खर सृष्टि गर्नुभएको यस पृथ्वी ग्रहमा परमेश्वरको योजना र लक्ष्य आदम र हव्वाको कदमले परिवर्तन गरिदियो। अब संसारको सृष्टि गर्नुभन्दा पहिले परमेश्वरले बनाउनु भएको मुक्तिको योजनालाई (एफिसी १:४) अहिले कार्यान्वयन गर्नु पर्ने भएको थियो।

**आदम र हव्वाको पतन भएपछि तिनीहरूलाई परमेश्वरका पहिला शब्दहरू के उच्चारण गर्नुभएको थियो? उत्पत्ति ३:९-१५ पढ्नुहोस्। उहाँले उच्चारण गर्नुभएको वाक्य आज पनि ईश्वरीय विज्ञानको निम्ति किन महत्त्वपूर्ण छ? हेर्नुहोस्, "८ अनि साँझपख परमप्रभु परमेश्वर बगैंचामा डुल्दैहुनुहुँदा तिनीहरूले उहाँको सोर सुने, र मानिस र उनकी पत्नी बगैंचाका रूखहरूका बीचमा परमप्रभु परमेश्वरको नजरबाट लुके। ९ तर परमप्रभु परमेश्वरले मानिसलाई बोलाउनुभयो, “तिमी कहाँ छौ?” १० उनले भने, “मैले तपाईंको सोर बगैंचामा सुनें र म डराएँ, किनभने म नाङ्गै थिएँ, र म लुकें।” ११ उहाँले सोध्नुभयो, “तिमी नाङ्गै छौ भनेर कसले भन्यो? जुन रूखको फल नखानू भनी मैले तिमीलाई आज्ञा दिएको थिएँ के तिमीले त्यो खायौ?” १२ मानिसले भने, “जुन स्त्री तपाईंले मलाई मसँगै रहन भनी दिनुभएको थियो, त्यसैले मलाई त्यो रूखको फल दिई र मैले खाएँ।” १३ अनि परमप्रभु परमेश्वरले स्त्रीलाई भन्नुभयो, “तिमीले यो के गर्‍यौ?” स्त्रीले भनिन्, “सर्पले मलाई छल गर्‍यो, र मैले त्यो खाएँ।” १४ तब परमेश्वरले सर्पलाई भन्नुभयो, “तैंले यसो गरेको हुनाले, “तँ सबै पालिने पशुहरू र सबै वन-पशुहरूभन्दा ज्यादा श्रापित हुनेछस्। पेटद्वारा तँ हिंड्नेछस् र तेरो जीवनभरि तैंले माटो खानेछस्।१५ तेरो र स्त्रीको बीचमा, र तेरो सन्तान र स्त्रीको सन्तानको बीचमा म दुश्मनी हालिदिनेछु। त्यसले तेरो शिर कुच्च्याउनेछ, र तैंले त्यसको कुर्कुच्चो डस्नेछस्।”**

आदम र हव्वा कहाँ थिए र कुन अवस्थामा थिए सो परमेश्वरलाई ठ्याक्कै थाहा थियो। त्रासले दविएका आदम र हव्वाले आफूहरूले के गरे भनेर महसुस गर्नु आवश्यक थियो। तिनीहरूका पापको भयानक परिणाम के रहेछ भनेर तिनीहरू आफैले बुझ्न त्यसको सामना गर्नु आवश्यक थियो। त्यसैबेला सैतान पनि पछारिनु वा परास्त्र गर्नु आवश्यक थियो। त्यसैले गर्दा परमेश्वरले आदम र हव्वालाई उहाँको कार्ययोजना प्रस्तुत गर्नुपर्ने भएको थियो:

मुक्तिको योजना (उत्पत्ति ३:१४,१५)। आफूसँग पुनर्मिलन गराउन (२ कोरन्थी ५:१९) त्यहीमात्र एउटा आशा थियो।

एउटा तथ्य पनि हामी नजिकै नियाल्नु आवश्यक छ। धर्मको नाउँमा सारा संसार परमेश्वरलाई खोज्छ भनेर सिकाउँछ तर, यहाँ पतित मानिसलाई नै उहाँले पहिला खोज्दै आउनुभएको थियो। तिनीहरूसँग आमने सामने हुनुभन्दा अघि पुनर्मिलनको प्रतिज्ञा तिनीहरूलाई दिनभन्दा अघि र परमेश्वरको आवश्यकता भएको तिनीहरूले महसुस गर्नुभन्दा अघि उहाँ नै तिनीहरूकहाँ आइपुग्नुभयो।

निराशाको परिस्थितिको बाबजुद पनि परमेश्वरले आदमलाई सोध्नुभएको प्रश्नमा दुई महत्त्वपूर्ण विषयबस्तुहरूलाई सम्बोधन गरिएको छः हाम्रो पतित स्थिति र मानिसलाई त्यसबाट राहत दिने परमेश्वरको लक्ष्य। हामी पापको पोल्टोमा हराएकाछौं र हामीलाई मुक्तिको नितान्त आवश्यक छ। हामीलाई मुक्ति दिन र हामीसँग रहने प्रतिवद्धता व्यक्त गर्दै उहाँले हामीलाई खोज्दै आउनुहुन्छ।

***इतिहासभरि मानव जगतलाई परमेश्वरले निरन्तररूपमा सोधिरहनुभएको छः "हे मानिस तिमी कहाँ छौ?" तपाईंको आफ्नै अनुभवमा त्यस प्रश्नको अर्थ के हो? के तपाईंले त्यस प्रश्नलाई जवाफ दिनुभयो त?***

## २. हामीसँग रहन तिब्र चाहना गर्नुहुने परमेश्वर

**अब्राहम र उनका सन्तानहरूलाई परमेश्वरले गर्नुभएको प्रतिज्ञाको मूख्य विषयबस्तु के हो? हेर्नुहोस् देहायका पदहरूः "तिमी र तिमीपछिका तिम्रा सन्तानका परमेश्वर हुनलाई मेरो करार मेरो र तिम्रो र तिमीपछिका तिम्रा सन्तानहरूका बीचमा युग-युगसम्म स्थापित गर्नेछु।" उत्पत्ति १७:७; "त्यही ठाउँमा बसोबास गर, र म तिमीसँग रहनेछु, र तिमीलाई आशिष् दिनेछु, किनकि मैले तिम्रो बाबु अब्राहामसँग शपथ हालेर दिएको प्रतिज्ञा म पूरा गरेर तिमीलाई र तिम्रा सन्तानलाई यी नै देशहरू दिनेछु।" उत्पत्ति २६:३ र "हेर, म तिमीसँग छु र तिमी जहाँसुकै गए तापनि तिमीलाई रक्षा गर्नेछु, र तिमीलाई यस ठाउँमा फर्काएर ल्याउनेछु। मैले तिमीलाई भनेको कुरा पूरा नगरुञ्जेल म तिमीलाई छोड्नेछैनँ।" उत्पत्ति २८:१५।**

पुरानो करारका विवरणहरूमा आफ्नो लक्ष्य परमेश्वर आफै मिसिनेरी हुनु भएको पुरा गर्नुभएको थियो, अर्थात् मानिसको सामु सुसमाचार सुनाउने कामलाई उहाँ आफैले निरन्तरता दिनुभएको थियो। उहाँका लक्ष्यहरू पूरा भएको उहाँले हेर्न चाहनुभएको थियो। उदाहरणमा, जलप्रलयपछि बाबेलका मानिसहरू एकै ठाउँमा जम्मा भएर सहरको निर्माण गरेका थिए र आकाशसम्म छुने धरहरा निर्माण गर्न जुटेका थिए। परमेश्वरले हस्तक्षेप गर्नु भयो र सबै मानिसहरूलाई विश्वभर फैलाउने लक्ष्यले भाषामा खलबल ल्याउनुभएको थियो (उत्पत्ति ११:१-९)। अनि उहाँले आफ्नो मिसनको दायरा फराकिलो पार्न अब्रामलाई बोलाउनुभयो जो पछि अब्राहम भएका थिए। अब्राहम नै सारा संसारको निम्ति आशिषहरूका माध्यम हुने प्रतिज्ञा परमेश्वरले दिनुभएको थियो (उत्पत्ति १२:१-३)। अब्राहम र उनका सन्तानहरूलाई परमेश्वरले दिनुभएका प्रतिज्ञाहरू धेरै भएतापनि एउटा सबैभन्दा उच्च बिन्दुमा रहेको छ। परमेश्वरले धेरै पल्ट तिनीहरूलाई यसरी सम्बोधन गर्नुभएको थियो: "म तिमीहरूको परमेश्वर हुनेछु।" "म तिमीहरूसँग हुनेछु।" "म तिमीसँग छु" (उत्पत्ति १७:७,८; उत्पत्ति २६:३, २८:१५)।

इतिहास लम्किन्दै गर्छ, योसेफ इजिप्टमा अन्यायपूर्वक पुगिन्छ, तर परमेश्वरका जनहरूलाई उद्धार गर्न उनी औजार हुन्छन्। योसेफको अनुभवको प्रत्येक कदममा अझ उनका जीवनको अत्यन्तै भयाभव र कठिन परिस्थितिहरूमा पनि-बाइबलले यो किटान गर्दछ कि "प्रभु उनीसँग हुनुहुन्थ्यो" (उत्पत्ति ३९:२,२१,२३)। केही पुस्तापछि परमेश्वरको लक्ष्य पूरा गर्न उहाँले मोशालाई फारोकहाँ पठाउनुहुन्छ। इजिप्टबाट उहाँका जनहरूलाई उद्धार गर्न मोशालाई पठाइएको थियो। जब परमेश्वरले मोशालाई खटाइरहनुभएको थियो, तब परमेश्वरले उनलाई भन्नुभएको थियो: "निश्चयनै म तिमीसँग रहनेछु" (प्रस्थान ३:१२)। बारम्बार, आफ्ना जनहरूसँग रहन यहेले गहिरो चाहना व्यक्त गर्नुभएको थियो।

पढ्नुहोस् "४२ “तिमीहरूका पुस्ता-पुस्ताका निम्ति परमप्रभुको सामुन्ने भेट हुने पालको ढोकानेर त्यो निरन्तरको होमबलि होस्। त्यही ठाउँमा म तँसित कुरा गर्नलाई तँसँग भेट गर्नेछु। ४३ इस्राएलीहरूसित म त्यहीं नै भेट गर्नेछु, र त्यो पाल मेरो महिमाले पवित्र हुनेछ। ४४ “म भेट हुने पाल र वेदीलाई पवित्र गर्नेछु। हारून र त्यसका छोराहरूलाई पनि मेरो निम्ति

पूजाहारी पदमा मेरो सेवा गर्नलाई पवित्र गर्नेछु। ४५ म इस्राएलीहरूका बीचमा वास गर्नेछु, र तिनीहरूका परमेश्वर हुनेछु। प्रस्थान २९:४२-४५।

पुरानो करारमा पवित्रस्थान बनाउनुका उद्देश्यहरू के थिए? आफ्ना जनहरूसँग विभिन्न तरिकाहरू अपनाएर रहन परमेश्वरले निधो गर्नुभएको थियो। पवित्रस्थानको निर्माण गरेर र विभिन्न उद्देश्यप्रेरित विधिहरू स्थापना गरेर आफू इस्राएलीहरूसँग रहन परमेश्वरले मोशालाई व्यक्त गर्नुभएको थियो। ती पवित्रस्थान र विधिहरू परमेश्वरको परम लक्ष्यलाई औँल्याएका थिए: येशू ख्रीष्ट। "विभिन्न पशुबलि र भेटीहरू, र यहूदी धर्मको प्रणालीमा स्थापना भएको पुजारीपनले येशूको मृत्यु र मध्यस्थकर्ताको कामलाई औँल्याएको थियो। यदि ती विभिन्न विधिहरू येशूसँग सम्बधित भएन भने त्यसको कुनै अर्थ हुँदैन न त गुण नै।"-एलेन जी ह्वाइट, *द एडभेन्ट रिभ्यु एण्ड हेराल्ड अ द साबथ,* डिसेम्बर १७, १८७२।

***परमेश्वर तपाईंसँग रहनुभएको छ भन्ने तपाईंको जीवनमा कुन कुन अनुभवहरूबाट आभास पाउनुभएको छ?***

## ३. परमेश्वर जो हामीमा एक हुन आउनुभयो

अब्राहमका सन्तान इस्राएलीहरूले सृष्टिकर्ता परमेश्वरका स्वभाव र उद्देश्यलाई प्रतिनिधि गरून् भनेर तिनीहरूलाई रोज्नुभएको थियो। ती स्वभाव र उद्देश्यलाई कार्यन्वयन गर्ने रणनीति लिएर परमेश्वरले योजना बनाउनुभएको थियो भनेर पुरानो करारले प्रस्तुत गर्दछ। सनातन सृष्टिकर्ता परमेश्वर मानिसले सृष्टि गरिएका देवीदेवताहरू सरह छैन भनेर ती इस्राएलीहरूले आफ्नो मन, वचन र जीवनले साक्षी दिनुपर्थ्यो। परमेश्वरले जे गर्नुभयो वा जे योजना बनाउनुभयो, उहाँका लक्ष्यकै रणनीति अनुसार गर्नुभएको थियो। अगमवक्ता यशैयाद्वारा परमेश्वरले भन्नुभएको थियो, “हे बागी हो, यस कुरालाई सम्झ, र मनमा दृढ़ पार र हृदयमा राख। अघि-अघिका पुराना कुराहरूलाई सम्झ। म परमेश्वर हुँ, र अरू कोही छैनँ। म परमेश्वर हुँ, मजस्तै अरू कोही छैन। आदिदेखि अन्तसम्मको, र प्राचीन समयदेखि हुन आउनेसम्मको जानकारी म दिन्छु। म भन्छु: मेरो अभिप्राय ठहर्नेछ, र मैले चाहेको सबै पूरा गर्नेछु।" यशैया ४६:८-१०। नयाँ करारमा मानिसहरूसँग रहन चाहने परमेश्वरका चाहनाले अर्कै रूप लिँदछ। परमेश्वरले अदनको बगैंचामा दिनुभएको प्रतिज्ञा

(उत्पत्ति ३:१५) येशूको मानव अवतारले वास्तविकतामा परिणत भएको थियो।

**येशूको जन्मको बारेमा दिएको विवरण देहायका पदहरूलाई ध्यान दिएर पढ्नुहोस्। यसमा के मूल तत्वहरू लेखिएका छन् जसले हामीलाई परमेश्वरको बारेमा बताउँछ? "१८ येशू ख्रीष्टको जन्म यस प्रकारले भयोः उहाँकी आमा मरियमको मगनी योसेफसँग भएको थियो, तर उनीहरूको विवाह हुन अघि मरियम पवित्र आत्माद्वारा गर्भवती भएकी थाहा भयो। १९ तर तिनका पति योसेफ धार्मिक मानिस भएका हुनाले, तिनलाई शर्ममा पार्ने इच्छा नगरी तिनलाई गुप्तमै त्याग्ने इच्छा गरे। २० तर जब उनले यी कुरा विचार गर्दैथिए, सपनामा परमप्रभुका दूत देखा परे, र उनलाई यसो भने, "योसेफ, दाऊदका छोरा, तिम्री पत्नी मरियमलाई स्वीकार गर्न नडराऊ, किनभने जो तिनको गर्भमा हुनुहुन्छ, उहाँ पवित्र आत्माबाट हुनुहुन्छ। २१ तिनले एउटा पुत्र जन्माउनेछिन्, र तिमीले उहाँको नाउँ येशू राख्नेछौ, किनभने उहाँले आफ्ना मानिसहरूलाई तिनीहरूका पापबाट बचाउनुहुनेछ।" २२ अगमवक्ताद्वारा परमप्रभुले बोल्नुभएको वचन पूरा हुनलाई नै यी सबै भएका हुन्ः २३ "हेर, एउटा कन्याले गर्भधारण गर्नेछिन्, र त्यसले एउटा पुत्र जन्माउनेछिन्, र उहाँको नाउँ इम्मानुएल राखिनेछ," जसको अर्थ हो, "परमेश्वर हामीहरूसँग।" मत्ती १:१८-२३।**

"परमेश्वर हामीहरूसँग।" इम्मानुयल। पौराणिक इस्राएलमा परमेश्वर मानिसहरूसँग रहनुहुन्थ्यो भनेर पवित्रस्थानद्वारा देखाइएको थियो। अब उहाँको प्रत्यक्ष भौतिक उपस्थिति नाजरथको येशूको व्यक्तित्वद्वारा देखाइएको थियो। हो, येशूको जन्मले परमेश्वरको उपस्थिति ठोसरूपमा हामीसँग निरन्तर रहनुहुन्छ भनेर उहाँले प्रस्तुत गर्नुभएको थियो। परमेश्वरका स्वभाव र लक्ष्य येशूद्वारा प्रस्तुत गर्नुभएर हामीसँग निरन्तर रहने उहाँको चाहनालाई देखाइएको थियोः परमेश्वरका पुत्र सतप्रतिसत मानिस हुनुहुन्थ्यो र सतप्रतिसत परमेश्वर हुनुहुन्थ्यो। उहाँ आफैले यो किटानी गरेर चेलाहरूलाई सम्बोधन गर्नुभएको थियो, "बाटो, सत्य र जीवन मै हुँ। मद्वारा बाहेक कोही मानिस पनि परमेश्वर पिताकहाँ आउन सक्दैन।" यूहन्ना १४:६।

**यूहन्ना १:१४-१८ पढ्नुहोस्। ख्रीष्टको मानवीय अवतारले हाम्रो निम्ति परमेश्वरको लक्ष्यको बारेमा हामी के सिक्न सक्छौं? हेर्नुहोस्, "१४ अनि वचन देहधारी हुनुभयो, र अनुग्रह र सत्यताले पूर्ण भई हाम्रा बीचमा वास गर्नुभयो।**

**हामीले उहाँको महिमा देख्यौं, जुन महिमा पिताबाट आउनुभएको एकमात्र पुत्रको जस्तो थियो। १५ यूहन्नाले उहाँको विषयमा गवाही दिँदै उच्च स्वरले भने, "उहाँ त्यही व्यक्ति हुनुहुन्छ, जसको विषयमा मैले भनें, 'मपछि आउनुहुने मभन्दा उच्च हुनुहुन्छ, किनभने उहाँ मभन्दा अघिबाटै हुनुहुन्थ्यो'।" १६ उहाँका अनुग्रहको पूर्णताबाट हामीले एउटा अनुग्रहमाथि अर्को अनुग्रह पाएका छौं। १७ किनभने व्यवस्था मोशाद्वारा दिइयो, अनुग्रह र सत्यताचाहिँ येशू ख्रीष्टद्वारा आए। १८ परमेश्वरलाई कसैले कहिल्यै देखेको छैन। पिताको साथमा हुनुहुने एक मात्र पुत्रले उहाँलाई प्रकट गर्नुभएको छ।" यूहन्ना १:१४-१८।**

आफ्ना जनहरूका बीचमा येशू ख्रीष्टद्वारा शारीरिक वा भौतिकरूपमै उपस्थित हुनुभएर परमेश्वरले आफ्नो लक्ष्य अघि बढाउनुभएको थियो। "अनि वचन देहधारी हुनुभयो, र अनुग्रह र सत्यताले पूर्ण भई हाम्रा बीचमा बास गर्नुभयो। हामीले उहाँको महिमा देख्यौं, जुन महिमा पिताबाट आउनुभएको एकमात्र पुत्रको जस्तो थियो" भन्ने यूहन्ना १:१४ ले पुरानो करारका भविष्यवाणीहरू पूरा भएको देखाएको थियो। यो परमेश्वरकै योजना अनुसार परमेश्वर मानव अवतार हुनुभएर हामीसँग रहनुभएको थियो। परमेश्वरको लक्ष्यले प्रेरित कामको निरन्तरता पाइरहेको थियो।

***परमेश्वर आफैं हाम्रै मानवताको शरीर लिएर आउनुभएकोले उहाँको महान् प्रेम हामीलाई देखाउनुभएको बारेमा सोच्नुहोस्। त्यस प्रेमको प्रत्युत्तर हामीले कसरी दिने, विशेष गरेर त्यस प्रेमलाई आत्मसात् गरेर अरूहरूकहाँ पुग्न कस्तो लक्ष्य हामीमा पनि हुनुपर्दछ?***

## ४. हामीसँग निरन्तर रूपमा रहनु हुने परमेश्वर

येशूका जीवन र सेवाकार्य नै परमेश्वर को हुनुहुन्छ भनेर देखाउने चरम प्रकट थियो। उहाँ को हुनुहुन्छ र उहाँका लक्ष्य के हो भनेर येशूका तीन वर्षको कार्यकालमा परमेश्वरको बारेमा प्रकट गर्नुभएको थियो। उहाँले अघिल्लो पुस्तामा जुन तरिकाले इस्राएलीहरूलाई प्रकट गर्नुभएको थियो त्यो भन्दा आफ्नो अपार प्रकट येशूद्वारा गर्नुभएको थियो। पावलले ठोकुवा गरेर व्यक्त गर्दछन्, "१५ उहाँ अदृश्य परमेश्वरको प्रतिरूप, सारा सृष्टिका ज्येष्ठ हुनुहुन्छ, १६ किनकि उहाँमा नै सबै थोक सृष्टि भएका थिए। स्वर्गमा र पृथ्वीमाथि भएका दृश्य र अदृश्य थोकहरू, चाहे सिंहासनहरू, चाहे प्रभुत्वहरू,

चाहे प्रधानताहरू, चाहे अधिकारहरू, सबै थोक उहाँद्वारै र उहाँकै निम्ति सृजिएका हुन्। १७ उहाँ नै सबै कुराभन्दा अगाडि हुनुहुन्छ, र उहाँमा नै सबै कुरा बाँधिएर रहेका छन्। १८ उहाँ शरीर, अर्थात् मण्डलीका शिर हुनुहुन्छ, उहाँ नै सुरु हुनुहुन्छ, मरेकाहरूबाट जीवित हुनेहरूमा उहाँ ज्येष्ठ हुनुहुन्छ, ताकि प्रत्येक कुरामाथि उहाँ सर्वोच्च होऊन्। १९ किनकि उहाँको आफ्नो सारा पूर्णता ख्रीष्टमा वास गरेकोमा परमेश्वर प्रसन्न हुनुभयो, २० र परमेश्वरले उहाँका क्रूसको रगतद्वारा शान्ति गराएर पृथ्वीको होस् वा स्वर्गको होस्, उहाँद्वारा नै सबै थोकलाई आफूसँग मिलापमा ल्याउनुभयो।" कलस्सी १:१५-२०। यस संसारमा जन्मिने प्रत्येक मानव प्राणीप्रति परमेश्वरको लक्ष्य के हो भनेर येशूद्वारा पूर्णरूपमा देखाइएको थियो। परमेश्वर नै परमेश्वर हुनुभएर उहाँको मिसिनेरी स्वभाव येशूद्वारा प्रकट भएको थियो। त्यो के हो त? परमेश्वरको चाहना हो कोही मानिस पनि वेवारिसे नहोउन्, कोही मानिस पनि परमेश्वरबाट हराएर वा बिलाएर नजाउन्, येशू आफैले यो किटान गर्नुभएको थियो, "हराएकाहरूलाई खोज्न र उद्धार गर्न मानिसको पुत्र आएको हो।" लूका १९:१०।

**परमेश्वरको प्रेम र मानिसप्रति उहाँको लक्ष्यले कसरी अन्तरक्रिया गरिरहेको छ भनेर देहायको पद ध्यान दिएर पढ्नुहोस्, "किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्। किनकि परमेश्वरले संसारलाई दोषी ठहराउन भनी पुत्रलाई संसारमा पठाउनुभएन, तर संसार उहाँद्वारा बाँचोस् भनेर पठाउनुभयो।" यूहन्ना ३:१६-१७।**

जब येशूको सेवाकार्य अन्तिम चरणमा थियो तब सारा मानव प्राणीको भविष्य निर्णायक बिन्दुमा थियो। यस संसारमा येशूको अन्तिम हप्तामा जे जे भयो त्यसले विगतको आशालाई भविष्यको आशासँग जोडिएको थियो। निस्तार चाड वा अखमिरी रोटीको पर्वले कसरी इस्राएलीहरूलाई इजिप्टको दासत्वबाट छुट्कारा भएको थियो भनेर देखाएको थियो। त्यस पर्वले येशूलाई नै औंल्याएको थियो जो परमेश्वर नै मानव अवतार लिएर आउनुभएर हामीलाई पापको बन्धनबाट मुक्ति दिन आफ्नो जीवन दिनुभएको थियो। प्रेरित पावलले लेख्दछन्, "१६ यसरी अब उप्रान्त हामी कसैलाई मानिसको दृष्टिकोणले हेर्दैनौं। हामीले ख्रीष्टलाई एक समय मानिसको दृष्टिकोणले हेरेका थियौं, तर

अब उप्रान्त उहाँलाई त्यसरी हेर्नेछैनौं। १७ यसकारण कोही ख्रीष्टमा छ भने त्यो नयाँ सृष्टि हो। पुरानो बितिगएको छ, हेर, नयाँ आएको छ। १८ यो सब परमेश्वरबाट भएको हो, जसले हामीलाई ख्रीष्टद्वारा आफूसँग मिलापमा ल्याउनुभयो, र हामीलाई मिलापको सेवा दिनुभयो, १९ अर्थात् स्वयम् ख्रीष्टमा हुनुभएर परमेश्वरले संसारलाई आफूसँग मिलापमा ल्याउँदैहुनुहुन्थ्यो। तिनीहरूका अपराधका लेखा नलिएर मिलाप गराउने कामको सन्देश उहाँले हामीलाई सुम्पिदिनुभएको छ। २० यसकारण हामी ख्रीष्टका राजदूतहरू हौं, र परमेश्वरले हामीद्वारा अनुरोध गरिरहनुभएको छ। ख्रीष्टकै पक्षमा हामी तिमीहरूलाई बिन्ती गर्दछौं, कि तिमीहरू परमेश्वरसँग मिलापमा आओ। २१ *किनकि हामी उहाँमा परमेश्वरको धार्मिकता बन्न सकौं भनेर पाप नचिन्नुहुनेलाई परमेश्वरले हाम्रा खातिर पाप बनाउनुभयो*। २ कोरिन्थी ५:१६-२१।

**आकाशमा उक्लिनुभन्दा अघि येशूले आफ्ना चेलाहरूलाई महान् आदेश दिनुभएको थियो। त्यस आदेशमा हाम्रो निम्ति के प्रतिज्ञा बुनिएको छ? जब हामी पनि परमेश्वरको मिशन वा लक्ष्यमा होमिन्छौं तब त्यो प्रतिज्ञा हाम्रो लागि पनि हो भने कसरी ठोकुवा हुन्छ? हेर्नुहोस्, "१८ तब येशू तिनीहरूकहाँ आएर भन्नुभयो, "स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ। १९ यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ, २० मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ। हेर, म युगको अन्त्यसम्म सधैं तिमीहरूका साथमा छु।" मत्ती २८:१८-२०।**

येशूको मृत्यु नै परमेश्वर र हामीसँग हुने मिलापको प्रक्रियाको एक भाग थियो। उहाँको पुनरुत्थानले येशूले मृत्युमाथि बिजय पाउनुभएको थियो र उहाँले सारा स्वर्ग र पृथ्वीको अधिकार प्राप्त गर्नुभएको थियो। मत्ती २८:१८। यस वास्तविकताको आधारमा उहाँको सबै अनुयायीहरूलाई संसारका सबै मानिसहरूलाई उहाँको अनुयायी बनाउनु भन्ने यो अचम्मको प्रतिज्ञा दिनुभएको थियो, "म तिमीहरूसँग सधैं हुनेछु। युगको अन्तसम्म म तिमीहरूसँग रहने छु।" मत्ती २८:२०।

***जब तपाईं परमेश्वरको लक्ष्य वा मिसनमा संलग्न हुनुभएको छ भने तपाईंसँग येशू हुनुभएको अनुभव कुन कुन तरिकाले गर्नुभएको छ?***

## ५. परमेश्वर जो हाम्रो निम्ति फर्केर आउनुहुनेछ

यूहन्ना १४:१-३ ध्यान दिएर पढ्नुहोस्। बाइबलभरि नै युगको अन्तको बारेमा सन्देशसँग ती पदहरू कसरी गाँसिएका छन्? हेर्नुहोस्, "१ "तिमीहरूको हृदय व्याकुल नहोस्। तिमीहरू परमेश्वरमाथि विश्वास गर्दछौ, ममाथि पनि विश्वास गर। २ मेरा पिताको घरमा बस्ने ठाउँहरू धेरै छन्। त्यसो नभए, के म तिमीहरूलाई भन्नेथिएँ र, कि तिमीहरूका निम्ति ठाउँ तयार पार्न म गइरहेछु? ३ अनि गएर मैले तिमीहरूका निम्ति ठाउँ तयार पारेपछि म फेरि आउनेछु, र तिमीहरूलाई मकहाँ लैजानेछु, र जहाँ म छु, त्यहाँ तिमीहरू पनि हुनेछौ।"

संसारमा रहुञ्जेल उहाँले आफ्नो सेवाकार्यमा धेरै बहुमूल्य प्रतिज्ञाहरू दिनुभएको थियो। ती प्रतिज्ञाहरूमध्ये "धन्यको आशा" पनि एउटा उल्लेखनीय थियो। त्यस आशामा सृष्टिकर्ता परमेश्वर अनन्तसम्म हामीसँग प्रत्यक्ष रहनुहुने चाहना व्यक्त गर्नुभएको थियो भनेर उल्लेख गरिएको छ। यहाँ येशूले दिनुभएको प्रतिज्ञामा त्यो चाहनालाई प्रतिबिम्बित गरेको पाइन्छ। उहाँले यो ठोकुवा गरेर भन्नुभयो, "म फर्केर आउँदैछु र मसँग रहन म तिमीहरूलाई लान्छु। म जहाँ हुन्छु त्यहाँ तिमीहरू हुनेछौ।" यूहन्ना १४:३।

प्रेरित यूहन्नाले त्यो प्रतिज्ञा केवल भाषणमात्र नभएर वास्तवकिता नै हुनेछ भनेर जिकिर गरेका थिए। "स्वर्गबाट चर्को आवाज आएको मैले सुनें, 'लौ हेर, परमेश्वरको पवित्रबासस्थान मानिसहरूको माझमा छ। उहाँ तिनीहरूसँग रहनुहुनेछ, र तिनीहरू उहाँका जनहरू हुनेछन्। परमेश्वर आफै तिनीहरूसँग रहनुहुनेछ र तिनीहरूको परमेश्वर हुनुहुनेछ।" प्रकाश २१:३।

"परमेश्वरको मुक्तिदिने काम पूरा हुनेछ। जहाँ पाप प्रशस्त थियो त्यहाँ परमेश्वरको अनुग्रह प्रशस्त हुनेछ। यो पृथ्वी जुन सैतानले आफ्नो भनेर दावी गरेको थियो त्यसलाई सैतानको हातबाट छिन्नेमात्र नभएर यसलाई उचालिनेछ।...यहाँ मानव प्राणीहरूको बीचमा परमेश्वरको पुत्र रहनुहुनेछ; यस पृथ्वीमा महिमाको परमेश्वर रहनुभएको थियो र कष्ट पाउनुभएको थियो र मर्नुभएको थियो, यस पृथ्वीलाई नै सबै थोक नयाँ बनाउनुहुनेछ, परमेश्वरको बासस्थान मानिसहरूको बीचमा हुनेछ। ...र जब अनन्त युगसम्म मुक्ति पाएकाहरू प्रभुको ज्योतिमा हिंड्नेछन्, तिनीहरूले बोल्नै नसकिने उपहारको

निम्ति स्तुति गाउनेछ,-इम्मान्युयल, "परमेश्वर हामीहरूसँग।'" -एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज्, पृ. २६।

यहाँ मुक्तिको अत्यन्तै सुन्दर चित्रण हामीले पाउँछौं। मिसन वा लक्ष्यप्रेरित परमेश्वरले उहाँको इच्छा आखिरमा पूरा हुनेछ। त्यो इच्छा थियो उहाँले सृष्टि गर्नुभएको मानव प्राणीसँग सधैं रहने। यस वास्तविकतामा सहभागी हुन हामी सबैको निम्ति कस्तो शुभअवसर होला!

**साप्ताहिक चुनौतीः** यस अध्ययन पुस्तकको प्रत्येक अध्यायमा परमेश्वरको लक्ष्यमा तपाईं पनि सामेल हुन आमन्त्रण गरिनेछ। तपाईंकै जीवनमा परमेश्वरको लक्ष्यले कसरी काम गरिरहेको छ भनेर तपाईंले देख्न र अनुभव गर्ने अवसर पाउनुहुनेछ।

प्रत्येक अध्यायमा तपाईंले के सिक्नुभयो सोलाई व्यक्तिगतरूपमा प्रतिबिम्बित गर्नुहोस् र अरूहरूलाई बाँड्न तयार हुनुहोस्। परमेश्वरको लक्ष्यमा तपाईं पनि संलग्न हुन यस चुनौतीले तपाईंलाई उत्साह प्रदान गरिनेछ।

**चुनौतीः** *प्रत्येक हप्ता तपाईं पनि परमेश्वरको मिशन वा लक्ष्यमा सामेल हुन तपाईंको हृदयको ढोका खोलियोस् भनेर प्रार्थना गर्नुहोस्।*

**ठोस चुनौतीः** *तपाईंको जीवनमा नचिनेको वा थाहा नभएको कोही मानिसको नाउँ सिक्न खोज्नुहोस्-छिमेकी, सहकर्मी, पसले साहु, बसको चालक वा कुनै मजदुर आदि। प्रत्येक दिन उसको वा उनको निम्ति प्रार्थना गर्न सुरु गर्नुहोस्।*

**उसंहारः**

**थप जानकारीः** "आदमको पतन भएपछिमात्र मुक्तिको योजना तयार भएको थिएन। यो "रहस्यको प्रकाश युग-युगदेखि गुप्त रहेको थियो।" रोमी १६:२५। मुक्तिको योजनाका नीतिहरू अनन्त युगदेखि परमेश्वरको सिंहासनको जगमै थियो। जब येशू आउनुभयो तब ती नीतिहरू उघारिएका थिए। सुरुदेखि नै परमेश्वर र येशू ख्रीष्टलाई सैतान भ्रष्ट हुने कुरा थाहा थियो। भ्रष्ट सैतानको धोखापूर्ण शक्तिले मानिसको पतन हुनेछ भनेर उहाँहरूलाई थाहा थियो। पापको अस्तित्व हुनुपर्छ भन्ने परमेश्वरको योजना थिएन, तर पापको अस्तित्व हुनेछ भनेर उहाँलाई थाहा थियो। त्यसकारण भयानक सङ्कट वा आपतकालको सामना गर्न उहाँले प्रावधान बनाउनुभएको थियो। संसारप्रति उहाँको प्रेम यति महान् थियो कि त्यस पापको समाधानको निम्ति उहाँले आफ्नै प्रिय पुत्रलाई दिने निधो गर्नुभएको थियो, 'ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्।' यूहन्ना ३:१६।" एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज्, पृ. २२।

"तिनीहरूको काम सजिलो र सबै ठिक ठिक हुनेछ भनेर येशूले आफ्ना चेलाहरूलाई भन्नुभएको थिएन ।...तर तिनीहरूको संघर्षमा तिनीहरू एक्लै हुने छैन । तिनीहरूसँग उहाँ हुनुहुनेछ भनेर उहाँले आफ्नो प्रतिवद्धता देखाउनुभएको थियो । यदि तिनीहरू विश्वाससाथ अघि बढे तिनीहरू सर्वशक्तिमानको छत्रछायाँको अगुवाइमा अघि बढ्नेछ भनेर उहाँले तिनीहरूलाई विश्वस्त बनाउनुभएको थियो । ...जबसम्म तिनीहरूले उहाँको वचन पालन गर्दै उहाँसँग सम्बन्ध राखेर अघि बढ्छन् तिनीहरू असफल हुनसक्ने थिएन । सारा राष्ट्रहरूमा जाऊ भन्ने उहाँले तिनीहरूलाई अऱ्हाउनुभएको थियो । पृथ्वी ग्रहको कुनाकाप्चासम्म तिनीहरू गएपनि उहाँको उपस्थिति तिनीहरूसँग हुनेछ भनेर उहाँले विश्वस्त पार्नुभएको थियो । यदि विश्वास र परमेश्वरमा भरोसा राखेर परिश्रम गरेमा तपाईंहरूलाई छोड्ने समय कहिल्यै आउनेछैन भनेर उहाँले वचन दिनुभएको छ । तपाईंहरूका कर्तव्य तपाईंहरूले पालन गर्न, तपाईंहरूलाई अगुवाइ गर्न, बोल्नेबेला सफल बनाउन ताकि तपाईंहरूका वचनले मानिसहरूलाई परमेश्वरतिर तानियोस्, त्यसको लागि "म तिमीहरूसँग सधैँ हुनेछु भन्ने" उहाँको प्रतिज्ञाबाट कोही बिचलित हुनुहुँदैन ।"-एलेन जी ह्वाइट, द आक्टस् अभ द आपोस्टल्स, प. २९ ।

**चिन्तनमनन:**

अ. पतित मानिसको सामु पहिलो शब्दहरू "तिमीहरूले के गऱ्यौ?" "तिमीहरूले मलाई किन अवज्ञा गऱ्यौ?" नभएर "तिमीहरू कहाँ छौ?" भनेर परमेश्वरले सोध्नुभएको थियो त्यसको अर्थ के हो सोच्नुहोस्। हामीप्रति र हाम्रा प्रियजनहरूको निम्ति परमेश्वरले बोल्नुभएको त्यो सत्य वचनबाट हामी के सान्त्वना लिन सक्छौं?

आ. हामीलाई पापबाट उद्धार गर्न परमेश्वर आफै येशू भएर आउनुभएको अर्थ के हो सो गहिरिएर सोच्नुहोस्। क्रूसमा टाँगिनुभएको येशूले परमेश्वरको प्रकटको पराकाष्टा थियो र त्यही परमेश्वर मिसन वा लक्ष्यप्रेरित परमेश्वर हुनुहुन्थ्यो। परमेश्वरको चरित्रको बारेमा त्यसले हामीलाई के बताउँछ?

इ. सारा संसारमा परमेश्वरको प्रेमको सुसमाचार सुनाउने लक्ष्य वा मिसन परमेश्वरमा निहित भएको छ। त्यसकारण, उहाँले तिनीहरूलाई सजाउनुहुनेछ र सशक्त बनाउनुहुनेछ। यस वास्तविकतालाई मध्यनजरमा राखेर जब हामी संसारलाई हेर्छौं र संसारमा पुराउनुपर्ने सन्देशका निम्ति अनेकौं चुनौतीहरूको सामना गर्नुपर्दा त्यस काममा हामी सक्षम् छैनौं भनेर महसुस गर्छौं र केही हदसम्म डर पनि होला। ती भावना र मनोबृत्तिसँग हामी कसरी सामना गर्ने?

### कथा १

# परमेश्वरसँग भेट

## जाक

## क्यामरून



पश्चिम अफ्रिकाको क्यामरुन देशमा रहेको विश्वविद्यालयको प्रवेश परीक्षामा पास भएर त्यहाँ अध्ययन गर्ने जाकको ठलो इच्छा थियो। पहिलो चरणको परीक्षा ठिकै थियो, तर दोस्रो चरणको परीक्षा साबथमा परेको थियो।

साबथमा परीक्षा दिनुपर्दा जाक विचलित भएका थिए। आखिरमा के गरुँ के गरुँ भएर क्यामरुनको राजधानी योउन्डेमा रहेको विश्वविद्यालयका परिक्षकहरूकहाँ जाक गएर यो अनुरोध गरेः "म सेभेन्थ-डे एडभेन्टिस्ट हुँ। साबथमा म परीक्षामा सामेल हुन सक्दिनँ।" त्यो विश्वविद्यालयको बाहिर सहरमा त्यो परीक्षाको केन्द्र थियो। ती परिक्षकहरूलाई शुक्रवार र शनिबारमा परीक्षालाई सञ्चालन गर्ने जिम्मा दिइएको थियो।

एक जना शिक्षकले भने, "आऊ, र परीक्षाहरूमा सामेल होऊ।"

अर्कोले भने, "तिमीले परीक्षामा भाग लिनैपर्छ।"

"अहँ, भोली जाँच दिन आइँन भने म चर्चमा छु भनेर तपाईंहरूले थाहा पाउनुहोस्," जाकले सुनाए।

यो त चुनौतीपूर्ण भएको केही शिक्षकहरूले महसुस गरे। जिस्काएर अरूहरूले फादर वा रोमन क्याथोलिकको पादरी भने," फादर, तपाईं आउनुभएन भने तपाईं जाँचमा फेल हुनेछौ।"

एक वर्ष अघि येशूलाई आफ्नो हृदय सुम्पेको जाक घरमा फर्के र साबथमा प्रभुको इज्जत राख्ने भनेर उनी अडिग भए। साबथमा उपबास र प्रार्थना गरेर बिताउने उनले निर्णय गरे। अनि साबथमा जाँच दिन जानुको सट्टा चर्चमा गए। घाम अस्ताएपछि उनी परिक्षा केन्द्रमा गए। त्यहाँ कोही थिएन। सबैले परिक्षा दिएर फर्किसकेका थिए। शिक्षकहरू पनि कोही थिएन। जाक आफ्नो घरमा फर्के।

आइतबार बिहान उनी परीक्षा केन्द्रमा गए। त्यहाँ कोही पनि थिएन। उनी त्यहाँ दिनभरी कुरे। तर, त्यहाँ कोही पनि आएन। सोमबार बिहानै उनी

परिक्षा केन्द्रमा गए। त्यहाँ कोही थिएन। कोही आउला कि भनेर उनी त्यहाँ पर्खेर बसे।

केही समय पछि शिक्षकहरू आए। तिनीहरूका हातमा परीक्षाका नतिजाहरू थिए। दिउँसोतिर त्यस परीक्षा केन्द्रको निर्देशक आए र कस्तो भइरहेको छ भनेर शिक्षकहरूलाई सोधे।

"सबै ठिक छ तर त्यो फादरले परीक्षा लिएन," जाकलाई औंल्याएर तिनीहरूले सुनाए। साबथ भएकोले जाकले परीक्षा लिन अस्वीकार गरे भनेर शिक्षकहरूले निर्देशकलाई सुनाए।

"ठिकै छ, उनले अहिले परीक्षा लेओस्," निर्देशकले अऱ्हाए।

अन्तिम दुई परीक्षाको निम्ति दुई शिक्षकहरूको आवश्यकता थियो। अङ्ग्रेजी सिकाउने शिक्षकले पाठ्य पुस्तक ल्याए जुन जाकले कहिल्यै पनि देखेका थिएन र उनलाई पढ्न अऱ्हाए। जाकले जानी नजानी पढ्न थाले। शिक्षकले जिस्क्याउँदै भने, "तपाईंले गलत पढ्नुभयो। तपाईंलाई केही थाहा छैन। तपाईं कसरी परीक्षामा पास हुन्छ होला।" "अरू कुनै सोध्नुहोस्। अरू जुनसुकै प्रश्न सोध्नुहोस्," जाकले अनुरोध गरे। "अहँ अरू कुनै प्रश्नहरू सोधिनेछैन। तपाईं जाँचमा फेल हुनुहुन्छ।" शिक्षकले भने।

जाकले धेरै अनुनय बिन्ति गरे। शिक्षकले नमानेपछि उनी बाहिर निस्किन लागेका थिए। तर उनलाई कसैले रोके। जाकलाई हेरेर उसले भन्यो, "चिन्ता नगर्नुहोस्।" अन जाकलाई जान दियो।

अर्को शिक्षकले जाकलाई सरकार, इतिहास र भूगोलको बारेमा सोध्नुपर्थ्यो। ती विषयहरूको सट्टा उनले सोधे, "तपाईंले साबथ पालन गर्नु हुन्छ रे! साबथको अर्थ के हो?"

यो त परीक्षाको प्रश्न हो भनेर जाकले ठाने, अनि राम्रोसँग जवाफ दिने निर्णय उनले गरे।

"साबथ दश आज्ञाहरूमा छ," बाइबल निकाल्दै जाकले भने।

शिक्षकले रोकेर भने, "बाइबल नपल्टाउनुहोस्।"

जाकको मगजलाई धर्मले गर्दा मगजै धोइदियो भन्दै सरकार, इतिहास र भूगोल धर्मभन्दा महत्त्व छ भनेर शिक्षकले सुनाए। उनले भने ती विषयहरू तीन वर्ष अध्ययन गरे तर ईश्वरविज्ञानभन्दा ती विषयहरू महत्त्व नभएको आफूले महसुस गरेको सुनाए।

"धर्म भनेको चेतना वा विवेकको कुरो हो। यसले मेरो पूरै जीवनलाई प्रभाव पार्न सक्दछ," जाकले भने। एक छिन पछि अर्को शिक्षक कोठामा आए। पहिलो शिक्षकले जाकलाई बाहिर जानुहोस् भने। परीक्षा सक्यो भनेर उनले भने।

त्यस दिन अपरान्ह जाक परीक्षाको नतिजा थाहा पाउन परीक्षा केन्द्रमा जाँदै थिए, उनको अगाडि एउटा कार रोक्यो। अङ्ग्रेजी जाँच लिन शिक्षकले आफ्नो टाउको कारको झ्यालबाट निकालेर भने, "बधाईं। खुशी हुनुहोस्।"

*शिक्षकले उनलाई फेरी जिस्क्याइरहेको हो कि भनेर सोचे।*

परीक्षा केन्द्रमा अरू विद्यार्थीहरूसँगै जाक पनि पर्खेर बसे। अनि जाँचमा पास भएकाहरूको नाउँ एक जना शिक्षकले पढेर सुनाए। जाकले आफ्नो नाउँ पनि सुने। उनी त जाँचमा पास पो भए। उनी चकित भए। आफ्ना हातहरू उठाउँदै उनले चिच्याए, "हे परमेश्वर, तपाईंलाई धन्यवाद छ।"

अङ्ग्रेजी जाँच लिने शिक्षकलाई धन्यवाद दिन खोजे। "तपाईं खुशी हुनुहोस् भनेर मैले भन्दा तपाईंले विश्वास गर्नुभएन। हामीले तपाईंलाई फेल गर्न चाहेका थियौं," त्यस शिक्षकले सुनाए। "अनि किन मलाई फेल गर्नुभएन त?" जाकले उत्सुक हुँदै सोधे। अनि त्यस शिक्षकले अर्को आफ्नो नजिक भएको अर्को शिक्षकलाई भने, "उनलाई फेल गर्न चाहेको थिएँ। तर म आफैले बुझ्न सकिँन, उनलाई किन मैले पास गरें।"

जाक पनि अचम्भित भए। उनलाई थाहा थिएन के भयो। परमेश्वरले उनको प्रार्थना सुन्नुभयो भन्ने मात्र उनलाई थाहा थियो। उनले साबथलाई आदर गरेको हुनाले परमेश्वरले पनि उनलाई आदर गर्नुभएको थियो।

जाक अहिले ५६ वर्षको हुनुहुन्छ। त्यो दिन उनले कहिल्यै पनि बिर्सेको छैन। "परमेश्वरलाई मैले देखेकोमा मलाई कुनै शङ्का नै छैन।"

-आन्द्र्यु मेकचेस्ने